समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०४/३१ बैठक संख्याः ३२

बैठक प्रारम्भ समयः बिहानको ११:०० बजे बैठक समापन समयः बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

**निर्णयहरु**

१. यस खाँदबारी नगरपालिका क्षेत्रभित्र प्रारम्भिक वातावरणीय परीक्षण गरिएका नदीखोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्रीवितरणको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको तर प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेको परिमाणमा ठेक्का बन्दोबस्त हुन नसकेको विगत बर्षहरुको अनुभव रहेको, सडकको पहुँच तथा अन्य विविध कारणले प्रतिवेदनले सिफारिस गरेको परिमाणमा सम्बन्धित स्थानबाट नदीजन्य पदार्थ उत्खनन् गरी बिक्रीवितरण गर्न सकिने अवस्था नरहेको आदि कारणले गर्दा पूर्वाधार विकास शाखाबाट निम्नानुसार पेश भएबमोजिम प्रतिवेदनले सिफारिस गरेको परिमाण र मूल्यको पचास प्रतिशतले हुन आउने परिमाण र मूल्यमा चालू आर्थिक बर्षका लागि ठेक्का बन्दोबस्त गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र. सं. | घाटको नाम | उत्खननयोग्य पदार्थको आयतन (घ.मि.) | ढुङ्गा | ग्राभेल | बालुवा | जम्मा राजस्व रु. |
|---|---|---|---|---|---|---|
| १ | झोलुंगे बगर | ८०८८.२५ | ४,०४४.१३ | २,०२२.०६ | २,०२२.०६ | १,६२२,९४७.८० |
| २ | लम्सुवा घाट बगर | ८५३१.५२ | १,७०६.३० | २,५५९.४६ | ४,२६५.७६ | १,६१७,८३२.१४ |
| ३ | लिंडे बगर | ३१२५२.१९ | ६,२५०.४४ | ९,३७५.६६ | १५,६२६.१० | ५,९२६,३५२.७९ |
| ४ | आईतबारे बगर | ११०१०.६३ | ३,८५३.७२ | ४,९५४.७८ | २,२०२.१३ | २,२३३,६१६.४० |
| | जम्मा रकम रु. | | | | | ११,४००,७४९.१३ |
| | ठेक्का बन्दोबस्तको लागि शुरु अंक रु. | | | | | ५,७००,३७४.५७ |

२. यस नगरपालिकाक्षेत्रभित्र रहेका अन्य खोला नदीहरुबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलनका लागि प्रारम्भिक वातावरणीय अध्ययन गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

- युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

३. खाँदबारी नगरपालिका क्षेत्रभित्र निर्माण भएका तर हालसम्म नक्शापास नभएका घर/भवनहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम अभिलेखीकरण गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

४. नगरसभाबाट पारित आर्थिक ऐन, २०८० तथा नगर कार्यपालिकाको मिति २०८०/०३/१३ गतेको निर्णयानुसार नगर क्षेत्रमा भित्रिने सवारी साधनबाट सरसफाई शुल्क उठाउन रु. १० लाख न्यूनतम अंक कायम गरी दुई पटकसम्म सूचना प्रकाशन गर्दापनि ठेक्का ब्यवस्था हुन नसकेको साथै मिति २०८०/०४/३० गते खाँदबारी- १ बस्ने अर्जुन कुमार न्यौपानेले मंगलादेवी निर्माण सेवाबाट सो कार्य गर्न इच्छुक रहेको भनी निवेदन पेश गरेको देखिएकोले यस अघि कार्यपालिकाले निर्धारण गरेको न्यूनतम अंक रु. १० लाख मध्ये चालिस प्रतिशत रकम सात दिनभित्र नगरपालिकाको राजस्व खातामा एकमुष्ठ जम्मा गरी बाँकी साठी प्रतिशत रकममध्ये तीस प्रतिशत २०८० कार्तिक मसान्तभित्र र तीस प्रतिशत २०८० माघ मसान्तभित्र बुझाउने लिखित प्रतिबद्दता लिई सम्झौता गर्न आएमा निज निवेदकसँग सम्झौता गरी शुल्क उठाउने निर्णय गरियो।

५. नगरपालिकाको स्वामित्वमा रहेको खाँदबारी- १ पोखरीस्थित आयमूलक भवन विगत देखि नै खाँदबारी- १ बस्ने बिक्रमरत्न शाक्यसंग सम्झौता गरी भाडामा लिनेदिने कार्य भएको तर विगत लामो समयदेखि निजले भाडाबापत नगरपालिकालाई रु: ३,५४,१६०।- (तीन लाख चौवन्न हजार एक सय साठ्ठी मात्र) भुक्तानी गर्न बाँकी रहेको देखिएको सन्दर्भमा मिति २०८०/०३/१३ गतेको नगर कार्यपालिकाको बैठकले "बक्यौता रकम यहि असार मसान्तसम्म उठाउनको लागि पहल गर्ने र असार मसान्तसम्म सम्वन्धित व्यक्ति वा ठेकेदारले बक्यौता रकम भुक्तानी नगरेमा ठेक्का भंग गरी नयाँ ठेक्का बन्दोबस्त गरी राजस्व संकलन गर्ने" भनी निर्णय गरेको हुँदा सो बमोजिम नगरपालिकाबाट पत्राचार गर्दा उक्त अवधिभित्र निजले बक्यौता रकम भुक्तानी नगरेको साथै निजले मिति २०७९/१०/२९ गते कोभिडको समयमा लकडाउन हुँदा भाडामा विशेष छुट गरीदिनुहुन भन्ने व्यहोराको निवेदन समेत दिएको सन्दर्भमा विगतमा कोभिडको समयमा लक डाउन अवधिमा व्यापार व्यवसाय पूर्ण रुपमा बन्द रहेको कारण गत आर्थिक बर्षसम्मको बक्यौता रकममा रु. ५४,१६०।- (चौवन्न हजार एक सय साठी मात्र) छुट दिई बक्यौता रकम रु. ३,००,०००।- र चालु आर्थिक बर्षको भाडा बापतको रकम एकमुष्ठ नगरपालिकाको राजस्व खातामा जम्मा गरी सात दिनभित्र आएमा निजसंग घरभाडा सम्झौता गर्ने अन्यथा नयाँ ठेक्का बन्दोबस्त गरी घरभाडा लगाउने निर्णय गरियो।

६. खाँदबारी नगरपालिकामा रहेका दक्ष तथा अर्धदक्ष श्रमिक तथा श्रमिक ठेकेदारहरुलाई सूचिकृत हुन आउन १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्ने, सूचिकरणको प्रकृया पुरा भएपछि नक्शा प्रस्तावक घरधनीले सूचिकृत

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

-पुष्पराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

'समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०४/३१ बैठक संख्या: ३२

बैठक प्रारम्भ समय: बिहानको ११:०० बजे बैठक समापन समय: बजे

श्रमिक ठेकेदारसंग लिखित सम्झौता गरेको कागजात पेश नगरेसम्म त्यस्तो व्यक्तिलाई निर्माण अनुमति प्रदान नगर्ने निर्णय गरियो।

७. यस नगरक्षेत्रमा व्यापक रुपमा व्यापार हुने रुद्राक्षको व्यापारमा खाँदबारी नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम शुल्क उठाउन यथाशिघ्र कार्यविधि निर्माण गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो।

८. नगरक्षेत्रमा रहेका सार्वनजिक सम्पत्ती (सार्वजनिक शौचालय, बृद्धाश्रम, मठमन्दिर, कोल्डस्टोर, समाधिस्थल, बालगृह, खेलकुद मैदान आदि) को सञ्चालन तथा व्यवस्थापनका लागि कार्यविधि निर्माण गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

९. खाँदबारी नगरपालिकाक्षेत्रभित्र फोहरमैला व्यवस्थापनलाई चुस्तदुरुस्त बनाई फोहरमैला व्यवस्थापनमा नगरपालिकाको दायित्व घटाउँदै सम्पूर्ण सरोकारवाला पक्षहरुलाई थप जिम्मेवार र जवाफदेही बनाउन फोहरमैला व्यवस्थापन कार्य निजी क्षेत्रसँगको सहकार्य र साझेदारीमा गर्नका लागि ७ (सात) दिनको सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक फर्म तथा कम्पनीसँग प्रस्ताव आव्हान गर्ने निर्णय गरियो।

१०. यस बैठकमा परामर्शदाताको तर्फबाट पेश भएका निम्न कार्यविधि तथा मापदण्डहरु अध्ययन गरी अर्को बैठकमा छलफल गरी पारित गर्ने निर्णय गरियो।

तपसिल:

क. अटो रिक्सा संचालन कार्यविधि, २०८०

ख. विपन्न नागरिक सहयोग कार्यविधि, २०८०

ग. स्थानीय हाटबजार संचालन कार्यविधि, २०८०

घ. योजना फरफारक कार्यविधि, २०८०

ङ. घर बहालकर व्यवस्थापन कार्यविधि, २०८०

च. वडा कार्यालयबाट हुने आर्थिक कारोबार संचालन कार्यविधि, २०८०

११. यस खाँदबारी नगरपालिकाको वडा नं. ८ अन्तर्गत रहेको श्री लोकतन्त्र आधारभूत विद्यालय, रातमाटेलाई सोही वडामा रहेको श्री आदर्श माध्यामिक विद्यामन्दिर, पाठकगाउँमा समायोजन गर्न दुबै विद्यालयको निर्णय, नगर शिक्षा समितिको सिफारिस र सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ४ को नियम ७ (घ) ८ अनुसार श्री लोकतन्त्र आधारभूत विद्यालय, रातमाटेलाई श्री आदर्श विद्यामन्दिर, पाठकगाउँमा समायोजन गर्ने र प्रासम्भिक बाल कक्षालाई श्री लोकतन्त्र आधारभूत विद्यालय, रातमाटेमा संचालन गर्ने निर्णय गरियो।

खाँदबारी नगरपालिका, कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

कुबेरराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०४/३१ बैठक संख्याः ३२

बैठक प्रारम्भ समयः बिहानको ११:०० बजे बैठक समापन समयः बजे

१२. नगर शिक्षा समितिले मिति २०८०/०४/२५ गतेको श्री लोकतन्त्र आधारभूत विद्यालय मर्ज गर्ने तथा शिक्षकहरुको व्यवस्थापन सम्बन्धी निर्णय कार्यान्वयन गर्न केही समस्याहरु देखा परेकोले पुनः नगर शिक्षा समितिको बैठक बसी नगरभित्रका शिक्षासँग सम्बन्धित देखिएका समग्र समस्या समाधान गर्न निर्देशन दिने निर्णय गरियो ।

१३. एक महिनामा कम्तिमा ३ वटा नगर कार्यपालिकाको बैठकको भत्ता उपलब्ध गराउन नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने साथै गत आर्थिक बर्षको समेत नगर कार्यपालिकाको महिनाको कम्तिमा ३ वटा बैठकको बैठक भत्ता बाँकी रहेमा सो समेत भुक्तानी दिन निर्देशन दिने निर्णय गरियो ।

१४. गत आर्थिक बर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री बागिश्वरी मा.वि., ढुङ्गेधारा र श्री सरस्वती मा.वि., माल्टालाई भवन निर्माणको लागि योजना स्वीकृत भएको, उक्त योजना कार्यान्वयनको क्रममा समयमा निर्माण कार्य सम्पन्न हुन नसकी मिति २०८०/०३/२३ गतेको नगर कार्यपालिकाको बैठकले सशर्त अनुदानमा प्राप्त बाँकी रकम समेत सम्बन्धित विद्यालयहरुलाई पेश्कीको रुपमा उपलब्ध गराउने भनी निर्णय गरिएको भएतापनि उक्त निर्णय कार्यान्वयन हुन नसकेको कारण फ्रिज भएको रकम बराबरको रकम विनियोजन गर्नका लागि प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

१५. वडा नं. ६ को कार्यालय भवनको विद्युत, खानेपानी तथा सरसफाई सम्बन्धी कार्यमा त्रुटी देखिएको भन्ने सम्बन्धित वडा अध्यक्षको गुनासो आएकोले प्राविधिक निरीक्षण गरी सम्बन्धित निर्माण कम्पनीसंग रिटेन्सन बापत कट्टा गरी नगरपालिकामा रहेको रकमबाट त्रुटी सच्याउने निर्णय गरियो साथै वडा नं. ६ लगायत यस नगरपालिकाभित्रका अधिकांश वडा कार्यालयहरु निर्माणको जिम्मा लिने उक्त सुनकोशी हलेसी जे.भी. ले सबै वडा कार्यालयहरु निर्माण गर्दा निर्माण सामग्री आपूर्तिकर्ता, कामदार तथा अन्य व्यवसायीहरुको ठुलो मात्रामा रकम भुक्तानी गर्न बाँकी रहेको, प्रोप्राइटर तथा साझेदारहरुसँग पटक-पटक सम्पर्क गर्दा पनि सम्पर्कमा नआएको र नगरपालिकाको न्यायिक समितिमा उक्त जे.भी. ले रकम भुक्तानी नगरेको भनी सम्बन्धितहरुले सप्रमाण निवेदन प्राप्त भएकोले उक्त जे.भी. तथा साझेदार कम्पनीहरुले पाउने भुक्तानी रोक्का गरी त्यस्ता कम्पनीहरुलाई प्रचलित कानूनबमोजिम कालोसूचीमा राख्नका लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

१६. खाँदबारी नगरपालिकाले विगत तीन बर्षदेखि सञ्चालन गरेका विभिन्न तालिम तथा अनुदानहरुको लेखाजोखा गरी त्यसको प्रभावको आधारमा परामर्शदाताबाट तयार भएको प्रतिवेदन यस कार्यपालिका बैठकमा प्रस्तुत भई छलफल भयो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पुष्पराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०४/३१ बैठक संख्या: ३२

बैठक प्रारम्भ समय: बिहानको ११:०० बजे बैठक समापन समय: बजे

१७. प्रदेश सरकार र यस नगरपालिकाको साझेदारीमा संचालित अपांगता रोकथाम तथा पुनर्थापना कार्यक्रमलाई नगरसभाले साझेदारीका लागि विनियोजन गरेको बजेटको आधारमा निरन्तरता दिने निर्णय गरियो।

१८. संखुवासभा जिल्लाको सिलिचोङ गाउँपालिकामा मिति २०७६/०३/२७ गते गएको पहिरोबाट पिडितहरुलाई यस अघि नै खाँदबारी नगरपालिका वडा नं. ७ मा पुनर्थापना गर्ने गरी सम्पूर्ण कार्य सम्पन्न भएको र हाल खाँदबारी नगरपालिकाबाट लागत अनुमान, ड्रइङ, डिजाइन स्वीकृत भई मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम निजी आवास निर्माण कार्यको लागि सम्बन्धित वडाबाट निर्माण सम्झौता भई सकेको अवस्थामा उल्लेखित कार्यविधिमा प्राविधिक सुपरीवेक्षण, अनुगमन, नापी मूल्याङ्कन सम्बन्धी कार्य कसले गर्ने भन्ने कुनै स्पष्ट व्यवस्था नभएको भएतापनि नगरक्षेत्रमा हुने यस्ता महत्वपूर्ण कार्यहरुमा जिम्मेवारीपूर्वक सहयोग गर्नु खाँदबारी नगरपालिकाको दायित्व समेत भएको कारण वडा नं. ७ मा निर्माण हुने ५५ वटा घरको प्राविधिक सहयोग गर्नका लागि ७ नं. वडा कार्यालयका प्राविधिक श्री बेन्जना गुरुङलाई तोक्ने र उक्त कार्य तोकिएको नियमित कार्यभन्दा अतिरिक्त कार्य भएकोले घर निर्माणको सुपरीवेक्षण, अनुगमन, नापी मूल्याङ्कन सम्बन्धी कार्य गरे बापत निज प्राविधिकलाई चालु तर्फको जुनसुकै मिल्दोजुल्दो खर्च शिर्षकबाट प्रति घर रु. २,५००।- (पच्चीस सय मात्र) अतिरिक्त सुविधा उपलब्ध गराउने निर्णय गरियो।

१९. मिति २०७९/०२/१६ गते थालेडाँडा लिफ्टिङ खानेपानी योजना निर्माणका लागि यस कार्यालय र कस्मिक सोलुसन प्रा.लि., बनस्थली, काठमाडौंबीच सम्झौता भएकोमा बजेट अभावको कारण कार्यालयले निर्माण व्यवसायीलाई समयमा रकम भुक्तानी गर्न नसकेको र निर्माण कम्पनीले पनि समयमा कार्यसम्पन्न गर्न नसकी मिति २०८०/०४/१६ गते म्याद थप गरी पाउँ भनी निवेदन पेश गरेको देखिँदा उक्त निर्माण कार्यको म्याद २०८० साल मंसिर मसान्तसम्म थप गर्ने निर्णय गरियो।

२०. निम्नानुसार निवेदकहरुलाई तपसिलमा उल्लेख भएबमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

निम्नः

| सि.नं. | नामथर | ठेगाना | रकम रु. | समस्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | रण बहादुर विष्ट | खाँदबारी-३ | १०,०००।- | मृगौला पिडित | आर्थिक सहायता |
| २ | सिर्जना गजमेर | खाँदबारी-२ | ५,०००।- | प्रसुती | आर्थिक सहायता |
| ३ | हिमादेवी कार्की | खाँदबारी-३ | २०,०००।- | मुटु रोग | आर्थिक सहायता |
| ४ | चन्द्र बहादुर दर्जी | खाँदबारी-३ | १५, ०००।- | मृगौला पिडित | आर्थिक सहायता |

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

[illegible]

प्रमुख प्रशासकीय अधिकृत